# ७५औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको अवसरमा राष्ट्रिय मानव अधिकार आयोगका माननीय अध्यक्ष श्री तप बहादुर मगरले दिनुभएको मन्तव्य

**आजको यस समारोहका प्रमुख अतिथि सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल 'प्रचण्ड'ज्यू तथा सम्पूर्ण विशिष्ट अतिथिज्यूहरु**

मानव अधिकारको संरक्षण र सम्वर्द्धन नै लोकतान्त्रिक शासन पद्धति र विधिको शासनको आधारस्तम्भ हो । मानव अधिकारको मूल्य, मान्यतालाई आत्मसात गरी विश्वमा दिगो शान्ति प्रवर्द्धन गर्न संयुक्त राष्ट्र संघको महासभाबाट सन् १९४८ को डिसेम्बर १० का दिन जारी मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ एक महत्वपूर्ण दस्तावेज हो । यस घोषणापत्रमा नागरिक, राजनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक अधिकारहरूको मूल रूपमा उल्लेख गरिएको छ । सन १९४८ पश्चात बनेका अधिकांश मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरु मूलतः यस घोषणापत्र पश्चात विशिष्टीकृत हुँदै विकास भएका हुन् । सबैले जानुन् र बुझुन् भन्ने अभिप्रायले हालसम्म ५५० भन्दा बढी भाषामा यस दस्तावेजलाई अनुवाद गरिनुले समेत यसको विश्वव्यापी महत्वलाई दर्शाउँदछ । यो घोषणापत्र जारी भएको दिनलाई संसारभर अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको रुपमा विभिन्न कार्यक्रमहरु मार्फत मनाइने प्रचलन रहेको छ ।

घोषणापत्र जारी भएको आज ७५ औं वर्षको अवसरमा मानव अधिकारको सम्मान, संरक्षण तथा सम्वर्द्धन र यसको प्रभावकारी कार्यान्वयनको सुनिश्चितताको लागि अग्रसर रही कार्य गर्ने सम्पूर्ण उपस्थित महानुभावहरुमा हार्दिक शुभकामना व्यक्त गर्दछु । यस वर्ष **"सबैका लागि स्वतन्त्रता, समानता र न्याय"** भन्ने मूल नाराका साथ मनाउन लागिएको अन्तर्राष्ट्रिय मानव अधिकार दिवसमा आयोगको निमन्त्रणालाई स्वीकार गरी उपस्थित हुनुभएका प्रमुख अतिथि सहित सम्पूर्ण अतिथिहरूमा राष्ट्रिय मानव अधिकार आयोगको तर्फबाट हार्दिक अभिवादन व्यक्त गर्दछु ।

आजको दिनलाई महत्वपूर्ण मानव अधिकार उत्सवको रुपमा स्मरण गर्दै मानव अधिकार अवस्थाको समीक्षा सहित हासिल भएका उपलब्धिहरुको आत्मसात र आइपर्ने चुनौतीहरुको सामनाका लागि अगाडि बढ्न भावी कार्यदिशा तय गर्ने अवसरको रुपमा लिने गरिन्छ ।

मानव अधिकारको सम्मान, संरक्षण, सम्वर्द्धन र यसको प्रभावकारी कार्यान्वयनको सुनिश्चिता गर्न राष्ट्रिय मानव अधिकार संस्थाहरुको स्थापना गर्ने सम्बन्धी पेरिस सिद्धान्त कार्यान्वयनमा रहेको पनि ३० वर्ष पूरा भएको छ । राष्ट्रिय मानव अधिकार आयोगलाई राष्ट्रिय मानव अधिकार संस्थाहरुको विश्वव्यापी सञ्जाल (Global Alliance for National Human Rights Institutions) ले मानव अधिकार सम्बन्धी संस्थाहरुको स्तर निर्धारण गर्दा स्थापना कालदेखि नै 'A' श्रेणीमा राखेको र यस वर्ष गरिएको पुनरावलोकनमा पनि नेपालको राष्ट्रिय मानव अधिकार आयोगले विभिन्न चुनौतिका बावजूद 'A' श्रेणी कायम गरेको छ । उक्त उपलब्धि हासिल गर्ने कार्यमा नेपाल सरकार, नागरिक संघसंस्थाहरु, कुटनीतिक नियोगहरुलगायत सम्पूर्ण क्षेत्रबाट गरिएको समन्वयात्मक प्रयासप्रति हार्दिक आभार व्यक्त गर्दछु । भविष्यमा पनि आयोगको 'A' श्रेणी कायम रही रहन स्तर निर्धारण उपसमिति (Sub-Committee on Accreditation-SCA) ले दिएका सिफारिसहरूका कार्यान्वयन गर्न यस अवसरमा नेपाल सरकारलगायत सबैमा हार्दिक अनुरोध गर्दछु ।

समाजमा मानव अधिकार सचेतना अभिबृद्धि तथा शान्ति प्रवर्द्धनका लागि मानव अधिकार मुद्दाहरुको उठान, वहस र पैरवी गरी पीडितको न्यायमा पहुँच अभिवृद्धि गर्ने मानव अधिकार रक्षकहरुको अधिकार सम्बन्धी घोषणापत्र, १९९८ जारी भएको पनि २५ वर्ष पूरा भएको छ । मानव अधिकार रक्षकहरुको सुरक्षा चुनौतीको सम्बोधन गर्न उनीहरुको पहिचान र संरक्षण सम्बन्धी कानूनी संयन्त्रको खाँचो महसुस गरी आयोगले प्रादेशिक तथा राष्ट्रिय सम्मेलनमा छलफल गरी सो सम्बन्धमा कानूनमा समावेश गर्न महत्व दिइएको छ ।

राष्ट्रिय मानव अधिकार आयोगले समाजमा मानव अधिकार चेतना अभिवृद्धि गर्न नागरिक समाजसँग समन्वय र सहकार्यलाई निरन्तरता दिँदै आइरहेको छ । यसै सन्दर्भमा आयोगसँगको सहकार्यमा सन २००९ देखि सुरुवात गरिएको मानव अधिकार राष्ट्रिय महाभेला आजसम्म १५औं मानव अधिकार राष्ट्रिय महाभेलाको रूपमा निरन्तर अभियानमा छ । यस्ता अभियानहरुले नागरिक संघसंस्थाहरु बिच सुमधुर सम्बन्ध निर्माण गर्ने साथै समाजमा मानव अधिकार संस्कृति निर्माणमा योगदान पुग्दै आएको छ ।

नेपालको मानव अधिकार अवस्थामा केही सकारात्मक सुधारहरु देखिएका छन् । नेपाली नागरिकहरुको राजनीतिक अधिकारको प्रयोग मजबूत बन्दै गएको, संघीय संसद, प्रदेश सभा र स्थानीय तहबाट समेत मानव अधिकारसँग सम्बन्धित कानूनहरु निर्माण गर्ने कार्य हुँदै आएका छन् । तीनै तहको सरकारले नीति तथा कार्यक्रम र वार्षिक बजेटमार्फत मानव अधिकारका विषयहरुलाई सम्वोधन गर्न आवश्यक छ। नेपाल सरकारको पाँचौं मानव अधिकार राष्ट्रिय कार्ययोजना सहितका नीति तथा योजनाहरु, दिगो विकास लक्ष्य र विश्वव्यापी आवधिक समीक्षासहित संयुक्त राष्ट्रसंघीय मानव अधिकार संयन्त्रहरुबाट प्राप्त सुझाव र सिफारिसहरुको कार्यान्वयनलाई प्राथमिकतामा राख्नु सकारात्मक पक्ष हो । तथापि यसको कार्यान्वयन भई नागरिकले अधिकारको अनुभूति गर्नु पाउनु आजको आवश्यकता हो । यसको लागि नेपाल सरकारलगायत सबै सरोकारवाला जिम्मेवार हुनु पर्दछ ।

आयोगले स्थापनाकालदेखि हालसम्म मानव अधिकारको संरक्षण तथा सम्वर्द्धनमा आफ्नो जिम्मेवारी वहन गर्दै आएको छ । विगत सत्र वर्षदेखि पूरा हुन नसकेको संक्रमणकालीन न्यायलाई निष्कर्षमा पुऱ्याउन सरकारले पटक पटक प्रतिवद्धता जाहेर गरे पनि सत्य निरूपण तथा मेल मिलाप आयोग ऐनलाई संसोधन गर्न बनेको विधेयक संसदमा विचाराधीन छ । राजनीतिक सहमतिको नाममा ढिलाई भएको कार्यले अपेक्षित परिणाम हासिल हुन सकेको छैन । संक्रमणकालीन न्यायका संयन्त्रहरूलाई अधिकार सम्पन्न बनाउने कार्यमा अन्तर्राष्ट्रिय मूल्य मान्यता, सर्वोच्च अदालतको आदेश र आयोगको सिफारिस बमोजिम ऐन संशोधन गरी विश्वसनीय संक्रमणकालीन संयन्त्रहरू गठन मार्फत प्रभावकारी कार्यसम्पादनबाट टुङ्गोमा पुर्‍याउनुपर्ने देखिन्छ ।

आयोगले नेपाल सरकार समक्ष गरेका सिफारिसहरुको कार्यान्वयन अवस्था उत्साहजनक छैन । सिफारिसहरुको कार्यान्वयन गर्ने सन्दर्भमा गतवर्षदेखि नेपाल सरकारबाट सिफारिस कार्यान्वयन गर्न समितिको गठन गरिएको भएपनि कार्यान्वयन अवस्थाले गति लिन सकेको छैन । सिफारिस कार्यान्वयनको अवस्थालाई मध्येनजर गर्दा हाल १५.३ प्रतिशत सिफारिसहरु पूर्ण, ३९.२ प्रतिशत सिफारिसहरु आंशिक र ४५.५ प्रतिशत सिफारिसहरु कार्यान्वयन नै हुन नसकेको तथ्यांक रहेको छ । सिफारिसहरुको कार्यान्वयनको लागि आयोग स्वयम्को प्रयास, सरकारसँगको साझेदारी एवम् समन्वयमा सिफारिस कार्यान्वयनमा देखिएका चुनौतिहरुलाई केलाउने उद्देश्यले नेपाल सरकारका मुख्य सचिव लगायत उच्च पदस्थ कर्मचारीहरु, नागरिक संघसंस्थाहरुसँग चरणवद्ध छलफल र परामर्श कार्यशालाहरु सम्पन्न गरी सिफारिस कार्यान्वयनलाई प्राथमिकतामा राख्दै आइरहेको छ । यसले सिफारिस कार्यान्वनप्रति नेपाल सरकारको ध्यानाकर्षण हुने र सिफारिस कार्यान्वयन अवस्थामा सुधार भई पीडितको न्याय प्राप्तिको हक सुनिश्चित हुने विश्वास लिइएको छ ।

मानव अधिकार संरक्षण तथा सम्वर्द्धनको लागि राष्ट्रिय मानव अधिकार आयोग र मानव अधिकार सम्बन्धी संवैधानिक आयोगहरुसँग समन्वय र सहकार्यको रणनीतिक ढाँचा तयार गरी कार्यान्वयनमा ल्याइएको छ । नेपाली आप्रवासी कामदारहरूको अधिकार संरक्षणार्थ मलेसिया र कतारको राष्ट्रिय मानव अधिकार आयोगहरुसँग आयोगले समझदारी पत्रमा हस्ताक्षर गरेको छ ।

विश्वव्यापी आवधिक समीक्षा (UPR) बाट नेपाल सरकारलाई गरिएका सिफारिसहरुको कार्यान्वयनको अवस्था सम्बन्धमा केन्द्र एवम् प्रादेशिक कार्यालयहरुबाट अनुगमन गर्ने कार्य भइरहेको छ । आवधिक समीक्षाको सिफारिसहरूको कार्यान्वयनमा तिनै तहका सरकार लगायत सरोकारवाला सबैको ध्यान केन्द्रित हुन आवश्यक छ ।

आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि पारिएका महिला, दलित, आदिवासी जनजाती, मधेशी, थारु, मुस्लिम, पिछडावर्ग, अल्पसंख्यक, सीमान्तीकृत, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, एचआइभि संक्रमितहरु, किसान, श्रमिक, राउटे, मध्यवर्ती क्षेत्रमा बसोबास गर्ने आदिवासी जनजाति तथा अन्य नागरिकहरू, उत्पीडित तथा पिछडिएको क्षेत्रका नागरिक, आर्थिक रुपले विपन्न खस आर्य, लोपोन्मूख समुदाय, शहीद परिवार, वेपत्ता पारिएका व्यक्तिका परिवार, द्वन्द्व पीडित तथा विस्थापित, प्राकृतिक विपत्ति तथा भुकम्पबाट प्रभावितहरु समेतका हक अधिकारका सुनिश्चितताका लागि आयोगले कार्य गर्दै आएको छ । उल्लेखित समुदायहरुको हक अधिकारको वास्तविक सम्बोधनको लागि संघ, प्रदेश र स्थानीय तीनै तहका सरकारहरुबाट पर्याप्त प्रयासहरु हुन आवश्यक छ । समाजमा मानव अधिकार संस्कृति कायम गर्ने आयोगको मूल ध्येयलाई साकार पार्ने कार्यमा राज्यका सबै अङ्ग परिचालित हुनुपर्ने अवस्था छ ।

विशेषतः लैङ्गिक हिंसा, जातीय विभेद तथा छुवाछुतका घटनाहरूमा पीडितको न्यायमा सहज पहुँच हुन सकेको अवस्था छैन । निर्वाचनमा समानुपातिक समावेशिताको विषय केवल कानूनी र प्राविधिक विषय मात्र बन्नु दुखद् पक्ष हो । समावेशितालाई संविधानअनुसार अङ्गीकार गरी कार्यान्वयनमा ल्याउनु सरकार, राजनीतिक दलहरु र सबै सरोकारवालाहरुको दायित्व हो । फौजदारी कसूरका आरोपी तथा पुर्पक्षमा रहेका व्यक्ति र आयोगले मानव अधिकार उल्लङ्घनमा दोषी भनी कारवाहीको लागि सिफारिस गरेका व्यक्तिलाई समेत राजनीतिक दलहरूले उम्मेद्वार बनाउने, पीडितलाई नै थप पीडा हुने गरी कैदीहरूलाई माफी दिने कार्यले विधिको शासन र मानव अधिकारका मूल्य, मान्यता र संस्कृति निर्माणमा चुनौति थपेको छ । यस्ता कार्यले दण्डहीनतालाई प्रश्रय दिने हुँदा आयोग चिन्तित छ ।

सम्माननीय प्रधानमन्त्रीज्यू,

नेपालको संविधानले परिकल्पना गरेबमोजिम समानुपातिक र समावेशी सिद्धान्तको आधारमा समतामूलक समाजको निर्माण गरी मानव अधिकार उपभोगको वातावरण बनाउन, लक्षित तथा सिमान्तीकृत वर्गको मानव अधिकारको सुनिश्चितता गर्ने गराउने कार्यमा उपलब्धिहरु हासिल गर्न राज्यका सबै अङ्गहरुको मानव अधिकारप्रतिको बुझाईमा एकरुपता र प्रतिवद्धता सहितको सक्रियता र परिचालन आवश्यक रहेको छ ।

संवैधानिक प्रावधान र सर्वोच्च अदालतको आदेशका बावजूद आयोगले दोषीलाई मुद्दा चलाउनु भनी गरिएका सिफारिस कार्यान्वयन गर्न प्रष्ट कानूनी व्यवस्था हुन नसक्नु चुनौतीको विषय बनेको छ । नेपालको संविधान र पेरिस सिद्धान्त अनुकूल हुनेगरी राष्ट्रिय मानव अधिकार आयोगको नयाँ ऐन निर्माण गर्न नेपाल सरकार मन्त्रिपरिषद्बाट सैद्धान्तिक सहमति प्राप्त हुनु स्वागतयोग्य छ । पेरिस सिद्धान्तको मर्म अनुरूप आयोगको कार्यगत र आर्थिक स्वायत्तता सुनिश्चित हुन नसकेको अवस्था भएकोले यथाशीघ्र कानून बनाउन नेपाल सरकारको तदारुकताको खाँचो रहेको छ ।

वि.सं. २०७२ सालमा महाभूकम्पबाट क्षति भएको यस आयोगको केन्द्रीय कार्यालयको भवनको निर्माण प्रक्रिया हालसम्म पनि शूरुवात हुन नसक्दा आयोगको दैनिक कार्यसम्पादनमा प्रभाव परिरहेको छ ।

मानव अधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन र परिपूर्ति गर्नु राज्यको प्रमुख दायित्व भए पनि एकल पहल र प्रयासले मात्र संभव हुँदैन । यसमा नेपाल सरकार, राष्ट्रिय मानव अधिकार आयोग, अन्य संवैधानिक आयोगहरू, नागरिक समाजका साथै निजी तथा व्यवसायिक क्षेत्रहरूको संयुक्त प्रयास, समन्वय र सहकार्य अपरिहार्य छ । विपद जोखिम न्यूनिकरणका लागि पूर्व तयारीदेखि लिएर राहत, उद्धार तथा पुनर्स्थापनामा विशेष नीति तथा कार्यक्रमको निर्माण भई कार्य गर्नु पर्ने देखिन्छ ।

दिगो विकास लक्ष्य (सन् २०१५–२०३०) को “कोही पछाडि नपरून्” (**Leave No One Behind**) भन्ने नारालाई सार्थकता प्रदान गर्दै पछाडि पारिएका तथा सिमान्तीकृत समुदायको अधिकार प्राप्तिमा सार्थक सामूहिक पहलको लागि आव्हान गर्दछु ।

समाजमा मानव अधिकारको संस्कृति निर्माणले मानव अधिकार हनन् तथा उल्लंघनका घट्नाहरुको न्यूनीकरणमा, सुशासन अभिवृद्धि, दिगो तथा समावेशी विकास र समतामूलक समाज निर्माण गर्न सहज हुने भएकोले मानव अधिकार संस्कृतिको वातावरण निर्माणका लागि आ-आफ्नो स्थानबाट अहोरात्र खटिनु हुने सम्पूर्ण मानव अधिकार रक्षकहरू, स्वदेशी तथा विदेशी व्यक्तित्वहरू/संघ संस्थाहरूलाई धन्यवाद दिन चाहन्छु । आगामी दिनमा पनि सबैबाट यस किसिमको सहयोग, समन्वय एवं सहकार्यको अपेक्षा गर्दछु । मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ जारी भएको ७५औं वर्षको अवसरमा मानव अधिकारका नवीनतम आयामहरू समेतमा कार्य गर्ने अभिप्रेरणा मिलोस् भन्ने सबैलाई शुभकामना दिन चाहन्छु ।

यसवर्ष स्व. दयाराम परियार स्मृति सम्मानबाट सम्मानित हुनुभएका जेष्ठ नागरिकको मानव अधिकारको क्षेत्रमा कार्य गरेका सर्लाहीका श्री भवानी कुमारी कोइराला र पत्रकारिता र सामाजिक कार्यको माध्यमबाट मानव अधिकार संरक्षण कार्यमा योगदान पुयाउनुभएका बाजुराका श्री प्रकाश सिंहलाई मानव अधिकार पुरस्कार प्राप्त गर्नुभएकोमा हार्दिक वधाई तथा शुभकामना व्यक्त गर्दछु ।

यस आयोगको क्षमता सवलीकरणका लागि स्थापनाकालदेखि नै निरन्तर सहयोग प्रदान गरी मद्दत पुर्याउदै आएका संयुक्त राष्ट्रसंघीय आवासीय प्रतिनिधि, संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (UNDP) र यस अन्तर्गतको रणनीतिक योजना सहयोग परियोजना (SPSP) लाई विशेष धन्यवाद दिन चाहन्छु । त्यसै गरी यूरोपीयन युनियन (EU), नेपालस्थित कुटनीतिक नियोगहरू, युएनएफपीए, यू एन वमन लगायतका विभिन्न यु.एन. एजेन्सीहरु, द एसिया फाउण्डेसन, विकास साझेदार निकायहरु, मानव अधिकार क्षेत्रमा क्रियाशील राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघसंस्थाहरुलाई समेत धन्यवाद दिंदै भविष्यमा पनि निरन्तर सहयोग तथा समन्वयको अपेक्षा समेत गर्दछु ।

अन्त्यमा, आफ्नो अति व्यस्तताको बावजूद आयोगलाई अमूल्य समय दिई आजको यस समारोहमा उपस्थित हुनुभएका सम्माननीय प्रधानमन्त्रीज्यू सहित विशिष्ट अतिथिज्यूहरू तथा आमन्त्रित सम्पूर्ण महानुभावहरूमा हार्दिक धन्यवाद दिन चाहन्छु ।

॥ धन्यवाद ॥

२४ मङ्सिर, २०८०, ललितपुर